नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
🖷 ०८७-५२०१८०
✉ daojumla@gmail.com

मिति : २०७८/०२/११

## जुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारीद्धारा जारी आदेश !

हाल पुन: विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस कोभिड -१९ नँया भेरियन्ट सहितको दोस्रो लहरको संक्रमण तथा रोगका कारण मृत्यु हुने संख्या दिनानुदिन तिव्ररुपमा बढिरहेको अवस्था छ । नेपालमा पनि नँया भेरीयन्ट सहितको तिव्र संक्रमण र उक्त रोगवाट मृत्यु हुने संख्या दिन प्रतिदिन अप्रत्यासित ढंगले बढिरहेको छ । जुम्ला जिल्ला केही दिन देखि कोरोना भाईरसको संक्रमणको परीक्षण गर्ने क्रममा संक्रमितको दर निरन्तर वृद्धि भई समुदायस्तरमा व्यापक फैलिन गएको पाईएकोले तत्काल तीव्र संक्रमणको साङ्लो तोडन ( चेन ब्रेक) गरी आम जनसमुदायमा जनस्वास्थ्य प्रति संवेदनशिल रही कोभिड -१९ को जोखिम न्यूनीकरण, रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिनको लागि आम जनसुदायको चासो, चिन्ता र साथै जनताको जिउ ,धनको सुरक्षा गर्ने राज्यको अहम दायित्व दृष्टिगत गरी जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८/०२/११ गते बैठकको निर्णयको सिफारिस एवं जिल्ला सुरक्षा समिति मिति २०७८।०२।११ गते निर्णायानुसार मिति २०७८।०२।११ गते राती १२ बजे देखि मिति २०७८/०२/२१ राती १२ बजे गते सम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २(२) र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम निषेधाज्ञा जारी गरिएको छ । विगतमा जिल्ला प्रशासन कार्यालय जुम्लावाट जारी आदेश र सूचना पालना गर्नु भएको सम्पूर्ण जिल्लाबासी हार्दिक कृतज्ञता समेत व्यक्त गर्दछौ। उक्त आदेशको उल्लंघन गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ । साथै यस अवधिमा निम्नानूसार गर्न गराउन हुन समेत अनुरोध छ ।

**निम्नः**

१. अनिर्वाय रूपमा मास्क लगाउने, बेला बेलामा साबुन पानी वा सेनिटाईज प्रयोग गर्ने र कम्तिमा २ मिटर सामाजिक दुरी कायम गर्ने साथै अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

२. अनुमति प्राप्त सवारी साधन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक हुने ।

३. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड अपनाई जिल्ला भित्रका औषधी, उपकरण र उपचारका सामाग्री उत्पादन, बिक्री बितरण तथा ढुवानी सेवा,खाद्यवस्तु होम डेलिभरी गर्ने सेवा, दुरसञ्चार, विद्युत सेवा, फोहोर मैला व्यवस्थापन सेवा, एम्बुलेन्स सेवा लगायतका अत्यावश्यक सेवाहरू नियमित रूपमा तथा खाद्यवस्तु, ईन्धन (ग्यास, पेट्रोल, डिजेल,मट्टितेल), बैंक तथा वित्तिय संस्था, खानेपानी, दुध फलफूल तरकारी लगायतका अत्यावश्यक व्यवसायहरू विहान ९ बजेसम्म मात्र जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरि मात्र खुला गर्ने र अन्य पसल, व्यवसाय, सेवाहरू पूर्णरूपमा बन्द गर्ने ।

४. राष्ट्रिय तथा रणनीतिक महत्वका आयोजना सञ्चालन जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण पालना गरी मात्र बढीमा १० जनासम्म कामदार परिचालन गरी कामदारहरूलाई परियोजना/ निमार्ण स्थलभित्रै बसोबासको व्यवस्था मिलाएर विकास निर्माण कार्य संचालन गर्ने, गराउने ।

५. व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । कृत्रिम अभाव देखाई मूल्य बृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिने, सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने।

६. अत्यावश्यक उपभोग्यवस्तुहरूको कृत्रिम अभाव देखाई मूल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा अवरोध गर्ने व्यक्ति वा समूहलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही गरिने ।

७. अति आवश्यक सेवा सञ्चालन गर्ने कार्यालयहरूले जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी न्यूनतम कर्मचारी उपस्थिति गराई सेवा सूचारू गर्ने/ गराउने ।

८. जिल्ला भित्रका कुनैपनि स्थानमा कुनैपनि किसिमको सभा, समारोह, भेला कार्यक्रम जमघट भई भिडभाड हुने गतिविधि संचालन गर्ने गराउन पाईनेछैन ।

९. हाल कृषि कर्म लगायतका गतिविधि सञ्चालन हुने सिजन भएको हुंदा सकभर सम्बन्धित समुदायका मानिसहरू मात्र परिचालन गरी जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड परिपालना गर्ने/ गराउने ।

१०. आगामी पूर्णिमा लगायतका पर्वमा देवि देवताको देवीस्थलमा पूजा आजा सञ्चालन गर्दा नित्य पूजाको रूपमा पुजारीले मान्छेको भिडभाड नगरी क्षमा पुजाको रूपमा मात्र धार्मिक कार्य सञ्चालन गर्ने/ गराउने ।

११.अत्यावश्यक बस्तु, निर्माण सामाग्री, खाद्यान्न ढुवानी , मालवाहक सवारी साधन बेलुका ७ बजे पछि मात्र ओसार पोसार तथा जिल्ला प्रवेश गर्ने व्यवस्था मिलाउने ।

१२.माथि उल्लेखित आदेशहरुको बर्खिलापमा गई अवरोध पु-याउने जोसुकैलाई संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ लगायतका अन्य प्रचलित कानून बमोजिम दण्ड सजाय हुने सबैमा सूचित गरिन्छ ।

..............
भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी